इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी नेपाल
स्था. २०७३

बैठक संख्या ५६

कार्यपालिका बैठक मिति २०७६।०४।०२

निर्णय नं. १

यस उपमहानगरपालिकाबाट मिति २०७६।०२।३२ मा प्रकाशित भएको ठेक्का नं. ४/०७५/७६ देखि १८/०७५/७६ सम्मका हाटबजार कर ठेक्काका लागि दरखास्त नपरेका, पर्याप्त दरखास्त नपरेका तथा दरखास्त परे पनि सारभूत रुपमा प्रभावग्राही कम्तीमा तीन वटा दरखास्त नपरेको हुँदा ती सबै ठेक्का रद्द गरी पुनः ठेक्का आव्हानको सूचना प्रकाशन गर्ने र सो ठेक्का बन्दोबस्त नभईन्जेल सम्मका लागि सम्बन्धित वडा कार्यालयले कार्यालयको जनशक्ति तथा सो जनशक्ति कम भएमा बाह्य जनशक्ति समेत परिचालन गरी हाटबजार कर संकलन गर्ने व्यवस्था मिलाउने र यसरी कर संकलन गर्दा थप जनशक्ति तथा व्यवस्थापन खर्च वापत संकलित रकमको बढिमा २५% सम्म सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २

आ.ब. २०७५/०७६ मा कन्टेन्जेन्सी रकमबाट देहाय बमोजिम भएको खर्च अनुमोदनका लागि नगरसभामा पेश गर्ने स्वीकृती दिने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| (क) ज्याला रु. | १३,००,०००।- |
| (ख) स्टेशनरी विविध रु. | ५,७७,४५५।- |
| (ग) बैठक भत्ता रु. | १२,९०,०००।- |
| (घ) इन्धन रु. | ७,८०,०००।- |

जम्मा रु. ३९, ४७,४५५।-

नवराज नेपाल
उपसचिव (लेखा)